टीकापुर राष्ट्रिय दैनिक National Daily

२०७९ फागुन २८ गते आइतबार

जि.प्र.का.कैलाली द.नं. ४३/०६०/०६१
जि.हु.का.कैलाली द.नं. १/२०६२/०६३

# नेपालले २० खर्ब ७० अर्ब ऋण तिर्न बाँकी

❖ रासस

काठमाडौं,२७ फागुन/चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा नेपालको सार्वजनिक ऋण रू २० खर्ब ७० अर्ब ५३ करोड ६३ लाख पुगेको छ ।

गत पुस मसान्तसम्म नेपालले रू ११ खर्ब दुई अर्ब ५१ करोड बाह्य ऋण र रू नौ खर्ब ६८ अर्ब एक करोड आन्तरिक ऋण तिर्न बाँकी रहेको देखिएको हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको दोस्रो त्रैमासिक अवधिको सार्वजनिक ऋण प्रतिवेदनअनुसार चालु आवको छ महिनाको अवधिमा रू ५७ अर्ब २४ करोड ऋण थपिएको छ ।

गत असार मसान्तसम्म कूल सार्वजनिक ऋण रू २० खर्ब १३ अर्ब थियो । जसमध्ये बाह्य ऋण रू १० खर्ब ५० अर्ब २३ करोड र आन्तरिक ऋण रू नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर थियो । चालु आवको दोस्रो त्रैमासिक अवधिसम्ममा रू ७६ अर्ब ६६ करोड ९९ लाख बाह्य ऋण थपिएको छ । आन्तरिक ऋण भने गत असारको तुलनामा पुसमा रू १९ अर्ब ४३ करोडले घटेको छ ।

नेपालको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋणको अनुपात ४२ दशमलव ६७ प्रतिशत बराबर पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । अहिले कूल गार्हस्थ्य उत्पादन रू ४८ खर्ब ५१ अर्ब ६२ करोड बराबर छ । जिडिपी अनुपातमा आन्तरिक ऋण १९ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव ७२ प्रतिशत रहेको कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

चालु आवको पुस मसान्त सम्म नेपालले रू ४७ अर्ब २७ करोड बराबर ऋण उठाएको छ । जसमध्ये रू ३० अर्ब आन्तरिक र रू १७ अर्ब २७ करोड बाह्य ऋण उठाएको हो । यही अवधिमा रू ४५ अर्ब ६१ करोड बराबर साँवा ब्याज भुक्तानी गरेको छ । पुस मसान्तसम्म सरकारले भुक्तानी गरेको साँवा रू २८ अर्ब ३० करोड र ब्याज रू १७ अर्ब ३१ करोड बराबर छ ।

यो अवधिमा आन्तरिक ऋणको साँवा रू १९ अर्ब ५९ करोड २५ लाख र ब्याज रू १५ अर्ब ६५ करोड ९६ लाख गरी कूल रू ३५ अर्ब २५ करोड भुक्तानी भएको छ भने बाह्य ऋणको साँवा रू आठ अर्ब ७१ करोड र ब्याज रू एक अर्ब ६५ करोड गरी रू १० अर्ब ३६ करोड भुक्तानी भएको छ । कूल साँवा ब्याज भुक्तानीमा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानी ७७ दशमलव २८ प्रतिशत र बाह्य ऋणको साँवा ब्याज भुक्तानी २२ दशमलव ७२ प्रतिशत बराबर छ ।

# तीनै तहको सरकारलाई बलियो बनाउनुपर्छ : मन्त्री शर्मा

❖ रासस

दमौली,२७ फागुन/सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्माले तीनै तहको सरकारलाई बलियो बनाउनुपर्ने बताउनुभएको छ ।

तनहुँको आँबुखैरेनी गाउँपालिकाको सातौँ स्थापना दिवसको अवसरमा शनिबार आयोजित कार्यक्रममा उहाँले बलिदान र सङ्घर्षबाट प्राप्त भएको उपलब्धिविरुद्ध षड्यन्त्र हुन थालेकाले त्यस्ता षड्यन्त्रलाई असफल बनाइने उल्लेख गर्नुभयो ।

मन्त्री शर्माले तीनै तहको सरकारबीच समन्वय र सहकार्य हुँदा नै देश विकास सम्भव रहेको बताउनुभयो । संविधानले तीन तहको सरकारको परिकल्पना गरेको उल्लेख गर्दै उहाँले संविधानले नै तीनै तहका सरकारको अधिकारलाई व्यवस्थित गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय तह जनताको नजिकको सरकार हो । जनताको सुखदुःखको साथी हो ।"

विकास निर्माणमा सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री शर्माले योजना बनाएर अगाडि बढ्न सबैलाई आग्रह गर्नुभयो । स्थानीय सरकारलाई बलियो बनाउनका लागि कानुन निर्माण गर्न सङ्घीय सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "बलिदान र सङ्घर्षबाट प्राप्त उपलब्धि गुम्न दिँदैनौँ ।" (बाँकी ३ पेजमा)

## सेवा गर्ने मौका दिनुहोस्

के तपाईको ट्याक्टर बिग्रेको छ । बिग्रेको छ भने हामीलाई सम्झनुहोस् । तपाईको ट्याक्टर मर्मत गर्नको लागि एक पटक सेवा गर्ने मौका दिनुहोला । हाम्रो यहाँ ट्याक्टरको पार्टपुर्जा पनि उपलब्ध छ । साथै जेसिवीको सामान पनि पाइन्छ ।

**न्यू ट्याक्टर मर्मत केन्द्र**
**टीकापुर, कैलाली**
**टीकापुर लम्की रोड (सशस्त्र प्रहरी गणको नजिक)**
सम्पर्क नं. ९८१५६५३९३१ (रामकिशोर गुप्ता)
९८४८५३८५७३ ( ईन्द्र धामी)

## बच्चा र बृद्धलाई तेल मालिस गरौं,

- ☞ बालबालिका,जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं ।
- ☞ ताजा र पौष्टिक खानेकुरा खाऔं ।
- ☞ धुम्रपान, मद्यपान तथा लागु पदार्थ प्रयोग नगरौं ।
- ☞ स्वास्थ्यमा कुनै समस्या देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सर्म्पक गरौं ।

**जोशीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय जोशीपुरकैलालीद्वारा जनहितमा जारी सन्देश**

## जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ,हरेक यात्रु घरदेखि गन्तव्य स्थलसम्म पुग्दा गम्भिर बनौं

- ☞ चिसो मौसममा हुस्सु, कुहिरो लाग्ने भएका हुँदा बत्ति बालेर मात्र सवारी साधन चलाऔं ।
- ☞ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- ☞ हतारमा यात्रा नगरौं र यात्रा गर्दा जथाभावी खाने कुरा नखाऔं ।
- ☞ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- ☞ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।
- ☞ आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

**जानकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली कैलालीद्वारा जनहितमा जारी सन्देश**

## डेंगुबाट बचौं

- ☞ उच्च ज्वरो आउनु
- ☞ जोर्नी र माशपेशीहरुमा असह्य पीडा हुनु
- ☞ आँखाको गेडी दुख्नु
- ☞ अत्याधिक टाउको दुख्नु
- ☞ शरीरमा राता बिमिराहरु आउनु
- ☞ वाकवाकी वा वान्ता हुनु

यस्ता लक्षहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**भजनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय भजनी,कैलालीद्वारा जनहितमा जारी सन्देश**

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**टीकापुर अस्पताल**
**टीकापुर, कैलाली ।**

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी अत्यन्त जरूरी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९।११।२८)**

आ.व. २०७९/०८० को स्वीकृत बजेट र कार्यक्रम अनुसार यस टीकापुर अस्पतालको लागि तपसिल बमोजिमका पदहरुमा जनशक्ति आवश्यक भएकोले २०८० आषाढ मसान्त सम्मको लागि सेवा करारमा भर्ना गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | माग पद विवरण | | स्वीकृत कार्यक्रम | न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| | | पद | संख्या | | | |
| १. | MO-1/2079/080 | मेडिकल अधिकृत (आठौं तह) | ५ | अस्पताल सेवा सुदृढीकरण कार्यक्रम तथा विरामी नवजात शिशु निःशुल्क उपचार कार्यक्रम तर्फ | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तीर्ण भएको र नेपाल मेडिकल काउन्सिलमा दर्ता नवीकरण भएको । | अन्तरवार्ता |

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित काउन्सिलमा दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी र शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपीहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्ने छ ।
२. उमेरको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
३. दरखास्त फाराम अस्पतालको आधिकारीक वेवसाइट www.tikapurhospital.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
४. आवेदनकर्ताले श्री राष्ट्रिय वार्णिज्य बैंक शाखा धनगढी रहेको खाता नं. १०००२०००१०००० (कार्यालय कोड नं.३५००२७७०२७) राजस्व शीर्षक नं. १४२२९ मारु १०००।- (एक हजार मात्र)पछि फिर्ता नहुने गरी जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।
५. आवेदनकर्ताले आवेदन फाराम सहित आवश्यक कागजातहरु तथा बैंक भौचर स्क्यान गरी यस अस्पतालको Email ठेगाना vacancythp@gmail.com मा PDF फाईल बनाई अपलोड गनुपर्नेछ ।
६. अन्तरवार्ताको मिति दरखास्त फाराम बुझाउने अन्तिम दिनको भोलिपल्ट प्रकाशित गरिनेछ ।

नि.प्र.मे.सु

## टीकापुर नगरपालिका, स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिद्वारा जनहितमा जारी सन्देशद्वारा जनहितमा जारी सन्देश

**उपभोग्य वस्तु र सेवाबाट उपभोक्तालाई हानी नोक्सानी भएमा क्षतिपूर्ति पाइन्छ**

ऐन विपरित वस्तु वा सेवा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई शारीरिक, मानसिक,आर्थिक भौतिक वा अन्य किसिमको हानी नोक्सानी हुन गएमा वा वस्तुको त्रुटीपूर्ण उत्पादनका कारण क्षति पुग्न गएमा क्षतिपूर्तिका लागि छ महिनाभित्र अदालतमा उजुरी गर्नुपर्दछ । प्रमाणित भएमा उपभोक्ताको उपचार खर्च, उपचार अवधिभरको खर्च र उपभोक्ताले दावी गरे अनुसारको क्षतिपूर्ति पाउने व्यवस्था उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ५० र ५१ मा रहेको छ ।

टीकापुर दैनिक प्रकाशन समूहका लागि **प्रकाशकः** भुवनेश्वर अधिकारी, **कार्यकारी सम्पादकः सीता खनाल** , **सह-सम्पादकः लोकेन्द्र रावल, अतिथि सम्पादक** :टेकवहादुर सार्की, **प्रमुख सम्वाददाता** लोकवहादुर देउवा (लम्की), गणेश क्षेत्री (सत्ती) **कार्यालयः टीकापुर- १, कैलाली फोनः ५६०९३५, मुद्रकः** टीकापुर अफसेट प्रेस टीकापुर, फोनः ५६०९३५ E-mail: dailytkp@gmail.com **Website : www.tikapurdaily.com.np**